**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- भारत- पाक युद्ध विराम घोषित गरेको केहि घण्टा भित्रै पाकिस्तानी सेनाले युद्ध विरामको गम्भीर उलंगन गर्न थाले पछि भारतीय सेनाले मुखतोड़ जवाबी कारवाही गर्यो। आज दुवै देशका डीजीएमओ बीच वार्ता हुने छ।
- बलुस्चिस्तानको 39 स्थानहरूमा पाकिस्तानी सेना विरूद्ध भएका हमलाहरूको जिम्मेवारी बलुचिस्तान लिबरेशन आर्मीले लिएको छ।
- आज राष्ट्रीय प्रौद्योगिकी दिवस पालन गरिन्दै छ। 1998 मा पोखरण परीक्षणलाई स्मरण गर्न वर्ष नै राष्ट्रीय प्रौद्योगिकी दिवस पालन गरिन्छ।
- अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वीजरल्याण्डमा चीन सित भएको व्यापार वार्ताको प्रसंशा गर्नु भएको छ।
- बांग्लादेशमा अंतरिम सरकारले आतंक रोधी कानून बमोजिम पूर्व प्रधानमंत्री शेख हसीनाको अवामी लीग पार्टीको सबै ग तिविधिहरूमाथि प्रतिबंध लगाई दिएको छ।

**विदेश मन्त्रालय-उल्लङ्घन**

विदेश सचिव विक्रम मिश्रीले हिजो पाकिस्तानसँग भएको सम्झौता बारम्बार उल्लङ्घन भएको बताउनुभएको छ। । नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्नुहुँदै श्री मिश्रीले सशस्त्र बलहरूले युद्धविराम उल्लङ्घनको उचित जवाफ दिइरहेका र भारतले यी उल्लङ्घनहरूलाई धेरै गम्भीरताका साथ लिइरहेको बताउनुभयो। भारतले पाकिस्तानलाई युद्धविराम उल्लंघन अन्त्य गर्न र गम्भीरता र जिम्मेवारीका साथ परिस्थितिलाई सम्बोधन गर्न उपयुक्त कदम चाल्न आह्वान गर्दछ। श्री मिश्रीले सशस्त्र बलले परिस्थितिमाथि नजिकबाट नजर राखिरहेको बताए। उहाँले भन्नुभयो सशस्त्र बललाई अन्तर्राष्ट्रिय सीमा र नियन्त्रण रेखामा युद्धविराम उल्लंघनको कुनै पनि घटनालाई कडाईका साथ व्यवहार गर्न निर्देशन दिइएको छ।

बाइट-विक्रम मिश्री

**संयुक्त राष्ट्र महासचिव- भारत और पाकिस्तान के बीच युद्ध विराम**

संयुक्त राष्ट्र महासचिव एंटोनियो गुटेरेसले भारत र पाकिस्तान बीच युद्ध विराम समझौतेको हिजो स्वागत गरेका थिए। गुतेरसले भनेका थिए यसले वर्तमान शत्रुतालाई समाप्त गर्ने र तनाव कम गर्ने दिशामा एक सकारात्मक कदम बताउनु भयो। महासचिवका प्रवक्ता स्टीफन दुजारिकले भने कि गुटेरसलाई आशा छ कि यो समझौता स्थायी शांतिमा योगदान दिने छ अनि दुवै देश बीच व्यापक, दीर्घकालिक मुद्दाहरूलाई संबोधित गर्नका लागि अनुकूल माहौललाई बढ़ावा दिने छ। यसमा भनिइको छ कि संयुक्त राष्ट्र प्रमुखले भारत र पाकिस्तान बीच युद्ध विराम समझौताको स्वागत गर्द छन् तथा यसलाई वर्तमान शत्रुतालाई समाप्त गर्न र तनाव कम गर्ने दिशामा एक सकारात्मक कदम बताउनु भएको छ। यद्यपि पाकिसितानले संघर्ष विराम घोषित गरिएको एक घण्टा भीत्रै यसको उलंघन गर्न थालेको थियो।

**गृह सचिव की बैठक**

केंद्रीय गृह सचिव गोविंद मोहनले हिजो पाकिस्तान सित सीमाना जुडिएका राज्यहरूका मुख्य सचिवहरूसित वीडियो कॉन्फ्रेंसिंगको माध्यमले बैठक गर्नु भयो। सूत्रहरूले बताए अनुसार सीमा पारिबाट हुने कुनै पनि गोलीबारीको स्थितिमा संबंधित क्षेत्रहरूमा सतर्क थप बढाउने कुरा राज्यहरूका मुख्य सचिवहरूलाई बताइएको छ तथा नागरिक सुरक्षा तंत्रलाई सक्रिय गर्न पनि भनिएको छ। भारत र पाकिस्तान द्वारा युद्ध विरामको घोषणाको केहि घंटा पछि यो बैठक गरिएको थियो। तर लगतै पछि पाकिस्तानले

युद्ध विरामको लगातार उल्लंघन गर्नु थालेको थियो। भारतीय सेनाले सो उलंघनको कठोर जवाबी कारवाही गर्योय़ यद्यपि मध्यराती पछि सीमा छेत्रमा कुनै गोलाबारी न सुनिएको स्थानीय मानिसहरूले बताएका छन्। भारतीय सेना तथा नागरुक प्रशासन कुना पनि स्थितिको सामना गर्न तम तैयार छ।

**BLA बलुचिस्तान**

बलुचिस्तानका ३९ विभिन्न स्थानमा भएका आक्रमणहरूको जिम्मेवारी बलुचिस्तान लिबरेशन आर्मी-बीएलएले लिएको छ। एक प्रेस विज्ञप्तिमा, BLA ले घोषणा गरेको छ कि अपरेशन अझै पनि जारी छ, धेरै रणनीतिक उद्देश्यहरू पूरा भइरहेका छन्। बीएलएका प्रवक्ता जीन्द बलोचका अनुसार आक्रमणहरूले प्रमुख राजमार्गहरूमा रहेका पुलिस चौकी, सैन्य लश्कर र पूर्वाधार सहित धेरै स्थानहरूलाई लक्षित गरेका थिए। बीएलएले पुलिस चौकीहरू कब्जा गरेको र क्षेत्रका प्रमुख सडकहरू अवरुद्ध गरेको दाबी पनि गरेको छ। । बीएलए पाकिस्तानको बलुचिस्तानमा आधारित एक सशस्त्र पृथकतावादी समूह हो, जसले बलुच जनताको लागि स्वतन्त्रता खोजीरहेको छ। ।

बीएलएले स्थानीय जनसंख्यालाई फाइदा नपुऱ्याई बलुचिस्तानको विशाल प्राकृतिक स्रोतसाधनको शोषन भइरहेको र सरकारले बलुच जनतालाई उनीहरूको अधिकार र स्वायत्तताबाट वञ्चित गरिरहेको दाबी गरेको छ।

**फैक्ट -चेक**

श्रोतागण पाकिस्तानले सोशल मीडियामा दुष्प्रचारको सहारा लिइरहेको छ, त्यसैले यस्तो समयमा हरेक जानकारीलाई सावधानीपूर्वक जाँच गर्नु धेरै महत्वपूर्ण छ। यदि तपाईले कुनै पनि संदिग्ध सामग्री विशेष गरी भारतीय सशस्त्र बल वा वर्तमान परिस्थितिसित सम्बन्धित कुनै जानकारी प्राप्त गर्नुभयो भने यसको सूचना पीआईबी फैक्ट चैकलाई रिर्पोट गर्नुपर्छ। तपाईले त्यस्तो सामग्री वा जानकरी वाटस नम्बर ८७६६ ७११२५६ र इमेल आईडी - factcheck/pib.gov.in मा पनि पठाउन सक्नुहुनेछ।

**राष्ट्रिय प्रविधि दिवस**

आज राष्ट्रिय प्रविधि दिवस हो। सन् १९९८ मा आजको दिन भारतले राजस्थानको पोखरणमा आणविक बमको सफलतापूर्वक परीक्षण गरेको थियो। यो दिनले देशको प्रगति र विकासमा प्रविधिको महत्त्वपूर्ण भूमिकाको सम्झना गर्दछ। यो दिन भारतको प्राविधिक विशेषज्ञता र देशको पहिलो स्वदेशी विमान हंसा-३ को प्रक्षेपण र छैटौं विश्वव्यापी आणविक परीक्षणमा वैज्ञानिक, इन्जिनियर र नवप्रवर्तकहरूको योगदानको सम्झनामा मनाइन्छ। राष्ट्रिय प्रविधि दिवसको उद्देश्य दैनिक जीवनमा प्रविधिको भूमिकालाई उजागर गर्नु र विज्ञान र प्रविधिमा युवाहरूको रुचिलाई प्रोत्साहित गर्नु हो। आर्टिफिसियल इन्टेलिजेन्स, बायोटेक्नोलोजी र क्वान्टम कम्प्युटिङ जस्ता अत्याधुनिक प्रविधिहरूले देशमा प्रगति र नवीनतालाई अगाडि बढाउँछन्।

**US- CHINA TALKS**

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजो स्वीजरल्याण्डमा चीन सित भएको व्यापार वार्ताको प्रसंशा गर्नु भएको छ। उहाँले भन्नु भयो – दुवै देश बीच मित्रवट परिवेशमा वार्ता गरेका छन् तथा वार्ता रचनात्मक रहेको छ। आफ्नो सामाजिक संजाल Truth मा ट्रम्पले भन्नु भएको छ – व्यापार संबंधित धेरै कुराहरू माथि छलफल गरियो जसमा धेरैमाथि सहमति बनिएको छ। ट्रम्पले अझ भन्नु भएको छ – दुवै देशको हितलाई ध्यानमा राखेर कुराकानी हुन्दै छ, दुवै देशका लागि हित अनुरूप समझौताको खण्डमा चीनका लागि अमेरिकी बजार खोलिने ट्रम्पले भन्नु भयो।

**बंगलादेश - शेख अवामी लिग**

बंगलादेशको अन्तरिम सरकारले आतंकवाद विरोधी कानून अन्तर्गत पूर्व प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीका सबै गतिविधिहरूमा प्रतिबन्ध लगाएको छ। यो प्रतिबन्ध पार्टी र यसका नेताहरू विरुद्धको मुद्दा पूरा नभएसम्म जारी रहनेछ। अन्तरिम सरकारको सल्लाहकार परिषद्ले हिजो राति ढाकामा भएको विशेष बैठकमा यो निर्णय गरेको हो।

परिषद्ले मानवता विरुद्धको अपराध गर्ने कुनै पनि राजनीतिक दल, त्यसका सम्बद्ध निकाय वा समर्थकहरूलाई सजाय दिने प्रावधानहरू समावेश गर्न अन्तर्राष्ट्रिय फौजदारी कानूनमा संशोधनलाई पनि अनुमोदन गऱ्यो। यस सम्बन्धमा आवश्यक परिपत्र चाँडै जारी गरिनेछ। बैठकले जुलाई घोषणापत्रलाई आगामी ३० दिन भित्र अन्तिम रूप दिने र प्रकाशित गर्ने निर्णय पनि गरेको

**बीसीसीआई-आईपीएल**

भारतीय क्रिकेट कंट्रोल बोर् उपाध्यक्ष राजीव शुक्लाले भन्नु भएको छ - बोर्डका अधिकारी र आईपीएल संचालन परिषदले आज प्रतियोगिता पूरा गर्न सकिने संभावित कार्यक्रमबारे चर्चा गर्नेछ। भारतको ऑपरेशन सिंदूर पछि बोर्डले गए शुक्रवारको दिन आईपीएल म्याचहरूलाई स्थगित गर्न परेको थियो। प्रतियोगिताका 16 म्याचहरू खेल्न अझै बाकी थिय़ो। भारत पाकिस्तान बीच संघर्षले गर्दा 8 मे -को दिन धर्मशालामा पंजाब किंग्स र दिल्ली कैपिटल्स बीचको म्याच रद्द गरिएको थियो।

****** ० ******